## २०८० फागुन ६ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | अर्थ मन्त्रालय | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट सिफारिस भएबमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच रोयल्टी बाँडफाँटका आधार, विधि र वित्तीय हिस्सासहितका अनुसूचीहरू स्वीकृत गर्ने र सम्बन्धित प्रदेश तथा स्थानीय तहहरूलाई रकम हस्तान्तरण गर्ने। |
| २. | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल आयल निगमको रिक्त कार्यकारी निर्देशक पदमा डा. चण्डिकाप्रसाद भट्टलाई नियुक्त गर्ने। |
| ३. | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | तामाकोशी पाँचौं जलविद्युत आयोजनाको २२० के.भी. प्रसारणलाइन आयोजनाको लागि टावर निर्माण गर्न दोलखा जिल्ला बिगु गाउँपालिका वडा नं. ४ मा रहेको करिब ०.२९ हेक्टर निजी जग्गा प्राप्ति गर्न स्वीकृति दिने। |
| ४. | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट विद्युत उपभोग गर्ने ग्राहकहरूको विद्युत महसुलसम्बन्धी विवाद निरूपण गर्न नेपाल सरकारसमक्ष प्रतिवेदन पेस गर्न गठित जाँचबुझ आयोगको म्याद ३० दिन थप गर्ने। |
| ५. | खानेपानी मन्त्रालय | नेपाल सरकार र एसियाली विकास बैंकबीच भएको ऋण सम्झौताबमोजिम खानेपानी मन्त्रालयअन्तर्गत सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाले खरिद गरेका ४ वटा सवारी साधनहरू खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/समितिहरूलाई हस्तान्तरण गर्न स्वीकृति दिने। |
| ६. | गृह मन्त्रालय | सशस्त्र द्वन्द्वमा घाइते भई अपाङ्गता भएका व्यक्तिहको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन कार्यविधि, २०७४ को अध्ययन गरी दुई महिनाभित्र परिमार्जित मस्यौदा पेस गर्न गृह मन्त्रालयका सचिवको संयोजकत्वमा सरोकारवाला प्रतिनिधिसमेत रहेको समिति गठन गर्ने। |
| ७. | परराष्ट्र मन्त्रालय | नेपाल र श्रीलङ्काबीच अफिसियल राहदानी बाहकहरूलाई भिसा आवश्यक नपर्ने विषयको सम्झौता स्वीकृत गर्ने र हस्ताक्षर गर्न अख्तियारी दिने। |
| ८. | परराष्ट्र मन्त्रालय | THE INSTITUTE OF FOREIGN AFFAIRS, NEPAL AND THE FOREIGN SERVICE ACADEMY OF THE MINISTRY OF FOREIGN AFFAIRS, GOVERNMENT OF BANGLADESH TO ESTABLISH INSTITUTIONAL RELATIONSHIP विषयको समझदारीपत्र स्वीकृत गर्ने र उक्त समझदारीपत्रमा हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने। |
| ९. | परराष्ट्र मन्त्रालय | श्रीलंकामा कैदबन्दी जीवन बिताइरहेका नेपाली नागरिकहरू श्री चेतबहादुर थापा, श्री सुकबहादुर तामाङ र श्री टेकबहादुर तामाङको सजाय मानवीय आधारमा आममाफीका लागि अनुरोध गर्दै सम्माननीय राष्ट्रपतिज्यूबाट श्रीलंकाका महामहिम राष्ट्रपतिज्यूलाई अनुरोध गरी पत्र पठाउनका लागि सम्माननीय राष्ट्रपतिज्यूसमक्ष सिफारिस गर्ने। |

| क्र.सं. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १०. | वन तथा वातावरण मन्त्रालय | माथिल्लो अरूण जलविद्युत आयोजनाको पहुँचमार्ग निर्माणको अपर अरूण हाइड्रो-इलेक्ट्रिक लिमिटेडलाई संखुवासभा जिल्लास्थित भोटखोला गाउँपालिकामा रहेको राष्ट्रिय वन र संरक्षित वनको २१.२६७ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ११. | वन तथा वातावरण मन्त्रालय | माथिल्लो राहुघाट र राहुघाट मंगले २२० के.भी. प्रसारणलाइन आयोजनाको टावर र राइट अफ वेको विकास निर्माणको लागि म्याग्दी जिल्लाको रघुगंगा गाउँपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको ५.०९५ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने |
| १२. | वन तथा वातावरण मन्त्रालय | डाडाखेत-राहुघाट १३२ के.भि. विद्युत प्रसारणलाइन आयोजना निर्माणको लागि म्याग्दी जिल्लाको रघुगंगा गाउँपालिका; बेनी नगरपालिका; मंगला गाउँपालिका, मालिका गाउँपालिका र धवलागिरी गाउँपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको कुल जम्मा २५.६२६ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १३. | वन तथा वातावरण मन्त्रालय | सुपर काबेली खोला-ए, सुपर काबेली खोला क्यास्केड र काबेली-३ जलविद्युत आयोजनाको १३२ के.भि. विद्युत प्रसारणलाइन आयोजना निर्माणको लागि ताप्लेजुङ्ग जिल्लाअन्तर्गत रहेको सिरीजङ्घा गाउँपालिका, सिदिङ्वा गाउँपालिका र पाथीभरा याङवरक गाउँपालिकाका साथै पाँचथर जिल्लाको हिलिहाङ गाउँपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको कुल जम्मा १४.३१३ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १४ | वन तथा वातावरण मन्त्रालय | सुपर आँखुखोला जलविद्युत आयोजनाको भौतिक पूर्वाधारहरू निर्माण गर्न धादिङ जिल्लाको रूबी भ्याली गाउँपालिकामा राष्ट्रिय वन क्षेत्रको कुलजम्मा ३.४१ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १५. | वन तथा वातावरण मन्त्रालय | सोना खोला जलविद्युत आयोजना निर्माणको लागि ताप्लेजुङ जिल्लाको मिक्वाखोला गाउँपालिकामा रहेको राष्ट्रिय वनको ३.६७ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १६. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूह, राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई सम्बन्धित सेवा समूहको सहसचिव (प्रा.) पदमा बढुवा नियुक्त गर्ने। |
| १७. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक विकल पौडेलले अमेरिकाको कानूनी स्थायी आवासीय अनुमति (LPR) लिएको देखिएकोले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति तथा मनोनयन सम्बन्धी मापदण्ड, २०७३ को दफा ११ को खण्ड (घ) बमोजिम निज उक्त पदमा रहन अयोग्य देखिएको हुँदा सोही मापदण्डको दफा १३ को उपदफा (१) को खण्ड (ग) बमोजिम उक्त पद रिक्त हुने भएकोले |

| क.सं. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
| --- | --- | --- |
| | | सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक विकल पौडेललाई पदबाट हटाई सोको जानकारी दिने। |
| १८. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल दूरसञ्चार प्राधिकरणको रिक्त अध्यक्ष पदमा श्री भुपेन्द्र भण्डारीलाई नियुक्त गर्ने। |
| १९. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सुरक्षण मुद्रण केन्द्रका लागि आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्मका लागि अधिकृतस्तरका ८ पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| २० | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | राष्ट्रिय सूचना प्रविधि केन्द्रको काठमाडौं, मकवानपुर, कोहलपुर र ललितपुरका कार्यालयहरूमा आर्थिक वर्ष २०८०/८१ को पुस १ गते देखि २०८१ साल असार मसान्तसम्मका लागि अधिकृतस्तरका २३ पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| २१. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्थानीय तह मातहत रहेका आँपपिपल अस्पताल, गोरखा र बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्र, बाग्लुङलाई ५० शय्याको अस्पतालमा स्तरोन्नति गरी गण्डकी प्रदेश सरकारलाई हस्तान्तरण गर्न स्वीकृति प्रदान गर्ने। |
| २२. | एनसेलको शेयर खरिद विक्री भएको भनिएको सम्बन्धमा अध्ययन तथा छानबिन गर्न गठित समितिले पेस गरेको प्रतिवेदन कार्यान्वयनको लागि सम्बन्धित निकायहरूमा पठाउने। | |
| २३. | राष्ट्रिय प्रसारण (बाह्रौं संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने। | |
| २४ | बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेस गर्न स्वीकृति दिने। | |
| २५. | प्रोवेशन तथा प्यारोलसम्बन्धी नीति, २०८० स्वीकृत गर्ने। | |

# सम्वत् २०८० साल माघ २५ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | विद्युतीय सुशासन आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने। |
| २. | अर्थ मन्त्रालय | Nepal in Business Programme का लागि बेलायत सरकारमार्फत प्राप्त हुने ३३.५ मिलियन पाउन्ड स्टर्लिंग अनुदान सहायता स्वीकार गर्ने। |
| ३. | अर्थ मन्त्रालय | बेलायत सरकारबाट Green Growth Nepal कार्यक्रम कार्यान्वयनका लागि प्राप्त हुने ३७.१६ मिलियन पाउन्ड स्टर्लिंग अनुदान सहायता स्वीकार गर्ने। |
| ४. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपालको तराई र चुरे क्षेत्रको केही भाग समेटिएको क्षेत्रलाई पूर्वबाट पश्चिमसम्म विभाजन गरिएको १० वटा पेट्रोलियम अन्वेषण खण्डहरूमध्ये ठेकेदारबाट पेट्रोलियम कार्य सञ्चालन गराउन स्वीकृति दिने । |
| ५. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र संयुक्त राज्य अमेरिकाको The United States Patent and Trademark Office (USPTO) बीच बौद्धिक सम्पत्तिमा द्विपक्षीय सहकार्य गर्नेसम्बन्धी समझदारीपत्रको मस्यौदा स्वीकृत गर्ने। |
| ६. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल र अष्ट्रेलियाबीच हुने Trade and Investment Framework Arrangement (TIFA) को मस्यौदा स्वीकृत गर्ने। |
| ७. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | श्रीलङ्काको कोलम्बोमा मिति २०८०/११/७ गतेदेखि १० गतेसम्म आयोजना हुने खाद्य तथा कृषि संगठनको ३७ औं एसिया प्यासिफिक क्षेत्रीय मन्त्रीस्तरीय गोष्ठीमा कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाललाई सहभागी हुन स्वीकृति दिने। |
| ८. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिको कर्मचारी सेवा शर्त नियामवली, २०८० स्वीकृत गर्ने। |
| ९. | गृह मन्त्रालय | निर्वाचन आयोग, नेपालका माननीय निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधारको इन्डोनेसिया भ्रमण स्वीकृत गर्ने। |
| १०. | गृह मन्त्रालय | अध्यागमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदबाट फिर्ता लिन स्वीकृति दिने। |
| ११. | गृह मन्त्रालय | कोशीटप्पु वन्यजन्तु आरक्षको जग्गा सट्टाभर्नाको सम्बन्धमा सर्वोच्च अदालतको आदेश कार्यान्वयन गर्ने सम्बन्धमा ६ महिनाभित्र कार्य सम्पन्न गर्नको लागि पूर्वसचिव मधुसुदन अधिकारीको संयोजकत्वमा उच्चस्तरीय समिति गठन गर्ने। |
| १२. | गृह मन्त्रालय | नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९।१०।२९ को निर्णयबमोजिम संवत् २०८० साल फागुन १ गते मङ्गलबारका लागि निर्धारण गरिएको जनयुद्ध दिवसको बिदा कायम नरहने। |

| | | |
|---|---|---|
| १३. | परराष्ट्र मन्त्रालय | नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०।१०।९ को निर्णयबाट गैरआवासीय नेपाली संघको लेखा तथा कामकारबाही सम्बन्धमा छानबिन गर्न गठित समितिको समयावधि म्याद समाप्त भएको मितिले ३० दिन थप गर्ने। |
| १४. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | जोर्डनको Dead Sea मा आयोजना हुने 11th ASIA-PACIFIC COOPERATIVE MINISTERS CONFERENCE मा सहभागी हुन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीलाई स्वीकृति प्रदान गर्ने। |
| १५. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण (पहिलो संशोधन) निर्देशिका, २०८० स्वीकृत गर्ने। |
| १६. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | राष्ट्रिय सतर्कता केन्द्रमा कार्यरत सहसचिव (प्रा.) श्री पूर्व कुमार राईको राजीनामा स्वीकृत गर्ने । |
| १७. | रक्षा मन्त्रालय | काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाअन्तर्गत ललितपुर जिल्लाको खोकना इलाकाको जग्गा प्राप्तिसम्बन्धी समस्या समाधान गर्न गठित समितिलाई तोकिएको कार्य सम्पन्न नहुन्जेलसम्मका लागि निरन्तरता दिने। |
| १८. | वन तथा वातावरण मन्त्रालय | मर्स्याङ्दी कोरिडोर २२० के.भि. विद्युत प्रसारणलाइन आयोजना निर्माणको लागि गोरखा, तनहुँ, चितवन जिल्लाका विभिन्न स्थानमा रहेको राष्ट्रिय वनको ६९.६९८ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १९. | वन तथा वातावरण मन्त्रालय | मोन्ट्रियल प्रोटोकलको किगाली संशोधन अनुमोदन गर्ने। |
| २०. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | बझाङ्ग जिल्लालाई केन्द्रविन्दु बनाई २०८० असोज १६ गते र जाजरकोट जिल्लालाई केन्द्रविन्दु बनाई कात्तिक १७ गते गएको भूकम्पबाट क्षतिग्रस्त जिल्लाका विद्यालयहरूको पुनर्निर्माण गर्ने गरी केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (शिक्षा) को कार्यक्षेत्र विस्तार गर्ने। |
| २१. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कारागार अस्पताल, जगन्नाथदेवल; कारागार कार्यालय, बाँके; कारागार कार्यालय, ओखलढुङ्गा र कारागार कार्यालय, नौबस्ता बाँकेको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने। |
| २२. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | हुलाक सेवा विभाग र अन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने। |
| २३. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समितिको अध्यक्ष पदमा महोत्तरी जिल्ला, साबिक मनरा सिस्वा-१० निवासी डा. परशुराम मिश्रलाई नियुक्त गर्ने। |

## २०८० माघ १८ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिरिषद्को कार्यालय | राष्ट्रिय योजना आयोगको सदस्य पदमा रौतहट जिल्ला निवासी श्री उमा शंकर प्रसादलाई नियुक्त गर्ने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिरिषद्को कार्यालय | बहुक्षेत्रीय पोषण योजना-तेस्रो (२०८०/८१-२०८७/८८) स्वीकृत गर्ने। |
| ३ | प्रधानमन्त्री तथा मन्त्रिरिषद्को कार्यालय | विद्युतीय खरिद प्रणाली सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०८० स्वीकृत गर्ने। |
| ४ | प्रधानमन्त्री तथा मन्त्रिरिषद्को कार्यालय | फौजदारी न्याय प्रशासन अध्ययन तथा सुझाव कार्यदल गठनसम्बन्धी अवधारणापत्र स्वीकृत गर्ने। |
| ५ | अर्थ मन्त्रालय | सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेस गर्न स्वीकृति दिने। |
| ६ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार मिति २०८०/११/१६ सम्म कार्यावधि रहने गरी म्याद थप भएको Implementation Agreement of China Aid on Oil and Gas Resources Survey Project in Nepal विषयक सम्झौताको अवधि मिति २०८०/११/१६ देखि एक वर्ष थप गर्ने। |
| ७ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | एजेन्सी (संशोधन र एकीकरण) (पहिलो संशोधन) नियमहरू, २०८० स्वीकृत गर्ने। |
| ८ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्राइभेट फर्म रजिष्ट्रेसन (पन्ध्रौं संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने। |
| ९ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | नेपाल विद्युत प्राधिकरण, काठमाडौं उपत्यका प्रसारण प्रणाली विस्तार आयोजनाको लागि काठमाडौं जिल्लाको मैतीदेवी/पुरानो बानेश्वर/ बत्तिसपुतली तथा आसपासको उपयुक्त क्षेत्रमा आवश्यक पर्ने करिब ३ रोपनी जग्गा प्राप्ति गर्न स्वीकृति दिने। |
| १० | परराष्ट्र मन्त्रालय | माननीय परराष्ट्र मन्त्रीको मिति २०८० माघ २६ फागुन २ सम्मको अष्ट्रेलिया तथा न्यूजिल्याण्ड भ्रमण स्वीकृत गर्ने। |
| ११ | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | नेपाल सरकारको नाममा दर्ता रहेको ललितपुर जिल्ला साबिक नगर वडा नं. १२क कित्ता नं.३६५ क्षेत्रफल २४-८-१-१ रोपनी जग्गामध्ये उत्तर पूर्वबाट १-६-२-२ रोपनी जग्गा ललितपुर महानगरपालिका १२ नं. वडा कार्यालयको भवन निर्माणका लागि शर्तहरू पालना गर्ने गरी उपयोग गर्न स्वीकृति दिने। |
| १२ | युवा तथा खेलकुद मन्त्रालय | फाप्ला अन्तराष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार विकास समितिमा आ.व. ०८०/८१ का लागि अनुसूचीबमोजिमका ४ राजपत्राङ्कित पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |

| | | |
|---|---|---|
| १३ | वन तथा वातावरण मन्त्रालय | लुजा खोला जलविद्युत आयोजना निर्माणको लागि सोलुखुम्बु जिल्लाको सगरमाथा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रअन्तर्गत सोलुदुधकुण्ड नगरपालिका वडा नं-१ र खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं-२ मा रहेको राष्ट्रिय वनको कुल जम्मा ४.६९२ हेक्टर जग्गा २५ वर्षसम्म प्रयोग गर्न दिने र सो वनमा रहेका विभिन्न प्रजातिका २७२ गोटा रुख/पोल हटाउन स्वीकृति दिने। |
| १४ | वन तथा वातावरण मन्त्रालय | छुजुङ्ग खोला जलविद्युत आयोजना निर्माणको लागि संखुवासभा जिल्लाको भोटखोला गाउँपालिका वडा नं ०२ मा रहेको राष्ट्रिय वनको २० हेक्टर जग्गा पच्चिस वर्षसम्म प्रयोग गर्न दिने र सो वन क्षेत्रमा रहेका विभिन्न प्रजातिका ९५२ गोटा रुख/पोल हटाउन स्वीकृति दिने। |
| १५ | वन तथा वातावरण मन्त्रालय | दूधपोखरी चेपे-सुपर चेपे जलविद्युत आयोजनाको प्रसारणलाइन आयोजनाको टावर र राइट अफ वे निर्माणको लागि गोरखा जिल्लाको अजिरकोट गाउँपालिका, वडा नं २ को १.९५३२६६ हेक्टर वन क्षेत्र साथै लमजुङ जिल्लाको दोर्दी गाउँपालिका, वडा नं ४, ५, ६ र दूधपोखरी गाउँपालिका, वडा नं १, २, ३ को राष्ट्रिय वन क्षेत्रको ८.५१० हेक्टर गरी कुलजम्मा १०.४५७ हेक्टर जग्गा २४ वर्षसम्म प्रयोग गर्न दिने र सो वन क्षेत्रमा रहेका विभिन्न प्रजातीका २५७९ गोटा रुख/पोल हटाउन स्वीकृति दिने। |
| १६ | वन तथा वातावरण मन्त्रालय | सडक पूर्वाधार विकास कार्यालय, तानसेन, पाल्पालाई सर्तहरू पालना गर्नेगरी पाल्पा जिल्लाको रैनादेवीछहरा गाउँपालिको वडा नं ०७ र रूपन्देही जिल्लाको सैनामैना नगरपालिको वडा नं १० अन्तर्गत रहेको सालझण्डी सुगुरेढुङ्गा सडक स्तरोन्नतीको लागि राष्ट्रिय वनको ५.०७ हेक्टर जग्गा प्रयोग गर्न दिने र सो जग्गामा रहेका विभिन्न प्रजातिका ५४१ गोटा रुख/पोल हटाउन स्वीकृति दिने। |
| १७ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | वर्ल्ड फेडेरेसन फर मेडिकल एजुकेसनको सदस्यता प्राप्तिको प्रक्रिया अगाडि बढाउन चिकित्सा शिक्षा आयोगलाई स्वीकृति दिने। |
| १८ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | मिति २०८० माघ २३ गतेका दिन कोरियाको Hanyang University, Seoul मा आयोजना हुने Sports Global Tourism Convention, 2024 मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री मा. सुशिला सिर्पाली ठकुरीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| १९ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल वायुसेवा निगमको रिक्त उपाध्यक्ष पदमा सञ्चालक सदस्य श्री विक्रम राईलाई नियुक्त गर्ने। |

| | | |
|---|---|---|
| २० | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपालको अन्तर्राष्ट्रिय विमानस्थलहरू सार्वजनिक निजी साझेदारीमा सञ्चालन र निर्माण सम्बन्धमा सुझाव पेस गर्न पूर्व सचिव शंकर प्रसाद अधिकारीको संयोजकत्वमा अध्ययन कार्य समिति गठन गर्ने। |
| २१ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल वायुसेवा निगमको संरचनागत तथा व्यावस्थापकीय सुधार गर्ने सम्बन्धमा नेपाल सरकारलाई सुझावसहितको प्रतिवेदन पेस गर्न राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष श्री दिपेन्द्रबाहदुर क्षेत्रीको संयोजकत्वमा अध्ययन कार्य समिति गठन गर्ने। |
| २२ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | भरतपुर विमानस्थल विस्तारको प्रक्रिया अघि बढाउने। |
| २३ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | नरदेवी आयुर्वेद चिकित्सालय विकास समितिको सदस्य पदमा सिन्धुपाल्चोक निवासी श्री लेखनाथ लामा र काठमाडौं निवासी डा. सहारा श्रेष्ठलाई मनोनयन गर्ने। |